परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily
राष्ट्रिय दनिक

वर्ष : ३ अंक : ३२१ पृष्ठ ४ २०८२ भदौ १९ गते, बिहिवार 4 September, 2025 मूल्य रु. ५/-




हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

## जनकपुरधाममा अन्तर्राष्ट्रिय औद्योगिक प्रदर्शनी हुने




● टक नेपाल

जनकपुरधाममा आगामी कात्तिक २७ देखि ३० गतेसम्म पहिलो पटक अन्तर्राष्ट्रिय औद्योगिक प्रदर्शनी २०२५ आयोजना हुने भएको छ। मधेश प्रदेश सरकारको उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयले घरेलु, साना तथा मझौला उद्योगहरूको प्रवर्धन गर्ने उद्देश्यले यो प्रदर्शनी आयोजना हुन लागेको हो ।

उद्योग, वाणिज्य तथा पर्यटनमन्त्री कुशवाहाले चार दिनसम्म चल्ने यस कार्यक्रममा घरेलु तथा साना उद्योगहरूको स्थापनाका लागि आवश्यक अत्याधुनिक उपकरण, मेसिनरी सामग्री र उत्पादनहरूको प्रदर्शनी गरिने बताउनुभयो । उहाँले प्रदर्शनीमा उद्योग सञ्चालन, व्यवस्थापन, वित्तीय जानकारी तथा बजार विस्तारसम्बन्धी विशेष तालिम र परामर्श पनि दिइने जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “यो प्रदर्शनीले स्थानीय उद्योगलाई अन्तर्राष्ट्रिय बजारमा जोड्न र नयाँ प्रविधिबारे जानकारी दिन महत्त्वपूर्ण भूमिका खेल्ने छ।” यस प्रदर्शनीमा घरेलु, साना तथा मझौला उद्योगहरूको प्रवर्धनका लागि भारत, बङ्गलादेश, इन्डोनेसियालगायत पाँचभन्दा बढी राष्ट्रका उत्पादक संस्थाहरूको सहभागीता रहने अनुमान गरिएको गरिछ भने प्रदर्शनीको सम्पूर्ण जिम्मेवारी सिया इभेन्टसले गरिरहेको बताउनुभयो ।

प्रदर्शनीमा उद्योग स्थापनाका लागि आवश्यक अत्याधुनिक उपकरण, मेसिनरी र उत्पादनहरूको प्रदर्शनी गरिने छ। यसका साथै, उद्योग सञ्चालन, व्यवस्थापन, वित्तीय जानकारी र बजार विस्तारसम्बन्धी विशेष तालिम र परामर्श सत्रहरू पनि सञ्चालन गरिने छ। प्रदेश सरकारको यो पहलले स्थानीय उद्योगीलाई नयाँ प्रविधि र वित्तीय ज्ञान प्रदान गरी उनीहरूको व्यवसाय विस्तारमा सहयोग पुग्ने अपेक्षा गरिएको छ।

### मन्त्री कुशवाहाद्वारा

## भीठामोड नाकाको स्थलगत निरीक्षण



● टक नेपाल

मधेश प्रदेशका पर्यटनमन्त्री इञ्जि. बसन्त कुशवाहाले नेपाल-भारत सीमा नाकामा भारतीय रुपैयाँ (भारु) सटही काउण्टरको व्यवस्था गर्नुपर्ने माग गरेका छन्।

सांस्कृतिक, धार्मिक तथा ऐतिहासिक दृष्टिले महत्त्वपूर्ण पर्यटकीय गन्तव्य जनकपुरधाम भिठामोड नाका हुँदै दैनिक हजारौँ संख्यामा पर्यटक प्रवेश गर्ने गरेका छन्। तर, नाकास्थित प्रभु बैंकको शाखाले भारतीय रुपैयाँ नलिने गरेको गुनासो पर्यटकहरूबाट आएपछि मन्त्री कुशवाहाले बैंकलाई पत्राचार गर्दै तत्काल समाधान गर्न निर्देशन दिएका हुन्।

मन्त्री कुशवाहाले स्थलगत निरीक्षणका क्रममा पर्यटकहरूले सेवामा भोगिरहेको असुविधा सरोकारवालाको ध्यानाकर्षण गराउँदै, बैंककै काउण्टरबाटै भारतीय रुपैयाँ सटहीको व्यवस्था मिलाउन आग्रह गरेका हुन्। हाल यात्रुहरूले सटहीका लागि करिब १ किलोमिटर टाढा रहेको मनी एक्सचेन्जमा जानुपर्ने बाध्यता रहेको गुनासो गरिएको छ।

साथै, अनलाइन भुक्तानीलाई सहज बनाउन डिजिटल वालेट, क्यूआर कोड तथा बैंक खाता विवरण सार्वजनिक रूपमा राख्नुपर्ने सुझाव दिइएको छ। बैंक काउण्टरमा बैंकको नाम, सम्पर्क व्यक्तिको फोन नम्बर र केन्द्रीय कल सेन्टरको सम्पर्क नम्बर स्पष्ट देखिने गरी राख्नुपर्ने, साथै कर्मचारीहरूले अनिवार्य रूपमा औपचारिक पोशाक र परिचयपत्र प्रयोग गर्नुपर्नेमा पनि जोड दिइएको छ।

स्थानीय व्यवसायी र यात्रुहरूले नाकास्थित बैंक सेवामा सुधार भए पर्यटकहरूलाई सहज र पारदर्शी सेवा उपलब्ध हुने विश्वास व्यक्त गरेका छन्।






परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily राष्ट्रिय दैनिक

## सम्पादकीय

# एमाले विधान महाधिवेशन

सत्ताको नेतृत्वकर्ता दल नेकपा एमाले विधान महाधिवेशनको संघारमा छ । यही भदौ २०-२२ गते ललितपुर गोदावरीमा हुने यस अधिवेशनले पार्टिको नीति र विधान पारित गर्नेछ । पार्टीको नीति र विधानका आधारमा सांगठनिक संरचनाको आगामी बाटो समेत तय गर्नेछ ।

समृद्ध नेपाल सुखी नेपालीको लागि कस्तो नीति, कस्ता कार्यकर्ता, कस्ता कमिटी र कस्ता जनसंगठन आवश्यक पर्नेछ भन्ने कुराको छिनोफानो पनि लगाउने छ । कम्युनिस्ट पार्टीको स्थापनाको १०० वर्षलाई 'टार्गेट' समय मान्ने हो भने अबको २५ वर्षमा के-के गर्नुपर्ने हो ? डे वानबाट सुरु गरिने कार्यक्रम के-के हुन् ? सामन्यतया अल्पकालीन र दीर्घकालीन नीति यस महाधिवेशनले तय गर्नेछ ।

हामीले कस्तो पार्टी बनाउदैछौं भन्ने कुराले कस्तो राष्ट्र निर्माण गर्ने हो भन्ने कुराको पनि निक्योल हुन्छ । त्यसकारण पार्टीको विधान महाधिवेशनले निम्न कुरामा विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

एमाले संगठनात्मक संरचनाका हिसाबले एसियाकै राम्रो पार्टीमध्येमा पर्छ । जनवादी केन्द्रीयतामा आधारित संगठनात्मक सिद्धान्तले जनआधारित कार्यकर्ता निर्माणमा विशेष जोड दिन्छ । पार्टीभित्र आलोचना-आत्मालोचना, अनुशासन, जवाफदेहिता र पारदर्शिता सुनिश्चित गर्छ । पार्टीका नेता र कार्यकर्ताहरू सूर्यमुखी जस्तो सूर्यतिर फर्किरहने होइन, बरु सयौं वर्ष बाँचिरहने वरजस्तै निरन्तर जमिनसँग जोडिने जरा विस्तारमा लागिरहनुपर्छ ।

जनतातिर फर्किने र जनमत सिर्जना गर्ने जनताको नजिक रहन, समस्या बुझ्न र समाधानका लागि क्रियाशील कार्यकर्ता आजको आवश्यकता हो । मदन भण्डारीका अनुसार 'सच्चा कम्युनिस्ट नेता जनताको सपनालाई आफ्नै सपना ठान्छ ।' यसले पार्टीको नेतृत्वमा त्याग, इमानदारी र जनभावनाको सम्मानप्रति सदैव दृढ रहन प्रेरित गर्छ । पार्टी सदस्यता गौरवको विषय बन्नुपर्छ । सदस्यता प्रवेशका लागि निश्चित प्रक्रिया (कोर्स) पार गर्नैपर्ने वाध्यात्मक बाटो बनाउनुपर्छ ।

# एमालेको दस्तावेजमा होइन, निर्णयमाथि फरक मत छः महासचिव पोखरेल

● टक नेपाल

नेकपा (एमाले) का महासचिव शंकर पोखरेलले विधान महाधिवेशनमा प्रस्तुत हुने दस्तावेजमाथि फरक मत नरहेको बताउनुभएको छ ।

एमालेको भदौ २० देखि २२ गतेसम्म हुन गइरहेको दोस्रो विधान महाधिवेशनको तयारी र समसामयिक विषयमा जानकारी दिन बुधबार च्यासलस्थित केन्द्रीय कार्यालयमा आयोजित पत्रकार सम्मेलनमा उहाँले सो कुरा बताउनुभएको हो ।

सञ्चारकर्मीसँग कुरा गर्नुहुँदै महासचिव पोखरेलले एमाले उपाध्यक्षद्वय युवराज ज्ञवाली र सुरेन्द्र पाण्डेले पूर्व राष्ट्रपति पार्टी राजनीतिमा फर्कन हुँदैन तथा नवीकरण गर्ने कुरा अस्वीकार गर्नुपर्दछ भन्ने केन्द्रीय कमिटीको निर्णयमाथि असहमति राख्नुभएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "कसलाई सदस्यता दिने या नदिने भन्ने विषय दस्तावेजको विषय होइन । त्यसअर्थमा, दस्तावेजमाथिको फरक मत होइन । निर्णयमाथिको फरक मत हो । निर्णयमाथिको फरक मत चाहिँ विधान अधिवेशनमा छलफल गर्ने कि राष्ट्रिय महाधिवेशनमा छलफल गर्ने विषय सचिवालय बैठकले निरुपण गर्ला ।" उपाध्यक्षद्वयको फरक मतका सम्बन्धमा विधान महाधिवेशनमा छलफल गर्ने या राष्ट्रिय महाधिवेशनमा भन्ने विषय बुधबार दिउँसो ३ बजे बस्ने सचिवालयको बैठकले टुङ्गो लगाउने उहाँको भनाइ छ ।

ललितपुरको गोदावरीस्थित सनराइज हलमा हुन गइरहेको एमालेको दोस्रो विधान महाधिवेशनमा प्रधानमन्त्री एवम् नेकपा (एमाले) अध्यक्ष केपी शर्मा ओलीले राजनीतिक प्रस्ताव प्रस्तुत गर्नुहुनेछ ।

यसैगरी, महासचिव पोखरेलले सङ्गठनात्मक प्रस्ताव प्रस्तुत गर्नुहुनेछ भने उपप्रधान एवम् अर्थमन्त्री समेत रहनुभएका एमाले उपाध्यक्ष विष्णु पौडेलले विधान संशोधन प्रस्तावको संयोजन गर्नुभएको छ ।

उहाँका अनुसार स्थायी कमिटी सदस्य कर्ण थापाले विधानकै सन्दर्भमा असहमति राख्दै आएका कारण नेता थापाले फरक मत राख्नुहुने सम्भावना छ । वैधानिक व्यवस्था अन्तर्गत यस विषयमा छलफल हुने उहाँको भनाइ छ ।

## शुल्क नउठाइने

महासचिव पोखरेलले विधान महाधिवेशन सफल बनाउन प्रतिनिधिबाट शुल्क नउठाउने निर्णय भएको जानकारी दिनुभयो । पार्टी केन्द्रको तर्फबाट व्यवस्थापन खर्च हुने उहाँको भनाइ छ । यद्दपि, यति नै खर्च लाग्छ भन्ने कुराको अहिले नै आङ्कलन गर्न नसकिने उहाँले बताउनुभयो ।

उहाँले भन्नुभयो, "पार्टीका दस्तावेजका सन्दर्भका बारेमा हामीले तीन वटा दस्तावेज विधान महाधिवेशनमा गने गरेका छौं । पार्टी अध्यक्षका तर्फबाट राजनीतिक प्रस्ताव प्रस्तुत हुनेछ । पार्टी उपाध्यक्ष विष्णुप्रसाद पौडेलले विधान संशोधनको प्रस्ताव संयोजन गरिराख्नुभएको छ । उहाँले नै विधान संशोधन प्रस्तुत गर्नुहुनेछ । सङ्गठनात्मक प्रस्ताव म आफैले प्रस्तुत गर्ने कार्यसूची रहेको छ ।"

## समूहगत छलफल हुने

एमाले प्रचार तथा प्रकाशन विभाग प्रमुख राजेन्द्रप्रसाद गौतमले दोस्रो विधान महाधिवेशनमा दुई हजार २६ प्रतिनिधि र आयोजकका हैसियतमा ३१५ जना गरी कुल दुई हजार ३४१ जना सहभागी हुने जानकारी गराउनुभयो ।

अनुशासन आयोगका तर्फबाट अध्यक्ष केशव बडाल, केन्द्रीय लेखा आयोगका तर्फबाट अध्यक्ष डा. पुष्प कँडेल, केन्द्रीय निर्वाचन आयोगका तर्फबाट अध्यक्ष डा. विजय सुब्बा र केन्द्रीय सल्लाहकार परिषदका अध्यक्ष अमृतकुमार बोहोराले आ-आफ्नो प्रतिवेदन प्रस्तुत गर्नुहुनेछ ।

उहाँले प्रस्तुत भएका प्रस्तावमाथि समूहगत छलफल गने व्यवस्था मिलाइएको बताउनुभयो । पत्रकार सम्मेलनमा सञ्चार तथा सूचना प्रविधि मन्त्री एवम् एमाले उपमहासचिव पृथ्वीसुब्बा गुरुङ, सचिव योगेश भट्टराई, स्थायी कमिटी सदस्य लालबाबु पण्डित, पोलिटब्युरो सदस्य विशाल भट्टराई लगायतका नेता उपस्थित हुनुभएको थियो ।

# महोत्तरीका संघसस्थाहरुले नेपाल सरकार गृह मन्त्रालयले ल्याउन लागेको संघसंस्था सम्बन्धि विद्येयक

● टक नेपाल

मंगलबार गैर सरकारी संस्था महासंघ नेपाल जिल्ला शाखा महोत्तरीको अगुवाईमा जिल्ला स्थित संघ संस्थाको प्रतिनिधिले संघसंस्था सम्बन्धि विद्येयक २०८२को मस्यौदामा त्रुटि रहेकोले त्यसलाई सच्याउनु पर्ने माग उल्लेखित ध्यानाकर्षण पत्र प्रमुख जिल्ला अधिकारी नारायण प्रसाद रिसाल मार्फत गृह मन्त्रालयलाई बुझाएका छन् ।

मानव अधिकार, सामाजिक रूपान्तरण र सामुदायिक विकासमा संलग्न नागरिक तथा सामाजिक संघ संस्थाहरूले विगत लामो समयदेखि नागरिक समाजमैत्री सामाजिक विकास ऐनको माग गर्दै आएको सन्दर्भमा नेपाल सरकार गृह मन्त्रालयले राष्ट्रिय निर्देशन ऐन, २०१८, संस्था दर्ता ऐन, २०३४, र समाज कल्याण ऐन, २०४९ लाई एकीकृत गरी "संघ संस्था दर्ता नियमन तथा व्यस्थापन सम्बन्धी कानुनलाई एकीकरण गर्न बनेको विधेयक, २०८२ को मस्यौदा सार्वजनिक गरिएको थियो ।

सार्वजनिक मस्यौदा विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (१) ले स्पष्ट रूपमा विधेयकको मस्यौदा तर्जुमा गर्ने क्रममा सम्बन्धित मन्त्रालयले विषय विज्ञ तथा त्यस्तो विधेयकबाट प्रत्यक्ष प्रभावित हुने सरोकारवालालाई छलफलमा सहभागी गराई राय सुझाव लिनुपर्नेछ भन्ने व्यवस्था गरिए पनि त्यस्तो नगरिएको ध्यानाकषर्ण पत्रमा उल्लेख गरिएको छ ।

सो व्यवस्थाको प्रतिकूल सरोकारवालाको सहभागितालाई उपेक्षा गर्दै विधेयक मस्यौदा अघि सारिएकोमा महोत्तरीका संघ संस्थाको गम्भीर ध्यानाकर्षण भएको गैसस महासंघ महोत्तरीका अध्यक्ष दिलिपकुमार पाण्डेयले बताए ।

"राज्यको सघन उपस्थिति हुन नसेकेको वर्ग, क्षेत्र र समुदायलाई सामाजिक तथा आर्थिक रूपमा सबलीकरण गर्दै संविधानले सुनिश्चित गरेका मौलिक अधिकारहरूमा नागरिकहरुको पहुँच विस्तार गने कार्यमा नागरिक समाज निरन्तर सरकारको एक महत्वपूर्ण साझेदारका रूपमा काम गर्दै आइरहेका छन् । " गैसस मंहासंघ अध्यक्ष पाण्डेयले भने, "हाम्रो प्रमुख सरोकारसँग सम्बन्धित विषयमा परामर्श नगरी, केवल विधायन ऐन, २०८१ को दफा ६ को उपदफा ९२० को प्रयोजनका लागि केवल औपचारिकता मात्र पूरा गर्न सुझाव माग गर्नु नागरिक समाजको अवमूल्यन हो ।"

नेपालको संविधान, कानुन र सरकारका नीति तथा योजनाहरू कार्यान्वयन गर्न विकास साझेदारसँग मिलेर गरिएको हाम्रो लगानी र योगदानको प्रशंसा गर्नुको सट्टा आशंकाको दृष्टिले हेर्न खोज्नुले मस्यौदाकारको संस्था प्रतिको संकीर्ण सोच प्रकटित भएको उनले भने ।

लोकतान्त्रिक मूल्य-मान्यता, संवैधानिक अधिकार, नागरिक स्वतन्त्रता र सरोकारवालाको अर्थपूर्ण सहभागिता सुनिश्चित हुने गरी "संघ संस्था सम्बन्धि विधेयक, २०८२ मा रहेका त्रुटिहरुका सन्दर्भमा सरोकारवालाको सहभागीतमा तत्काल सच्याई पूर्नलेखन गर्न नेपाल सरकार गृह मन्त्रालय र सम्बन्धित सरोकारवालासँग गम्भीरतापूर्वक यहाँका संघ संस्थाहरुको अपील रहेको छ ।

साथै विद्येयकमा नागरिक संघसंस्थाका १८ वटा वुँदागत असहमतीहरु रहेको उल्लेख गरिएको छ । सो ध्यानाकर्षण पत्रमा गैसस महासंघ नेपाल महोत्तरीका अध्यक्ष दिलिप कुमार पाण्डेय, गैसस महासंघ नेपालका पूर्व केन्द्रिय सचिव बैजनाथ चौधरी, मानव अधिकार एलायन्सका केन्दिस्य उपाध्यक्ष नईम अंसारी, गैसस महासंघ नेपालका केन्द्रिय सदस्य नागेन्द्र कुमार दुवे, नेपाल पत्रकार महासंघ महोत्तरीका अध्यक्ष महेशकुमार दास, सिडेन मधेस प्रदेश उपाध्यक्ष प्रकाश कुमार राय र मानव अधिकार एलायन्स महोत्तरी शाखाका अध्यक्ष अरविन्द मंडल अध्यक्ष, लगायतको हस्ताक्षरित ध्याकर्ण पत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी नारायण प्रसाद रिसाले सो मागहरु बारे सम्बन्धित निकायमा जानकारी गराउने प्रतिवद्धता व्यक्त गरेका छन् ।









# संघीयता कार्यान्वयनका जटिलता




● टक नेपाल

एकात्मक शासनपद्धतिबाट सङ्घीयतामा जान सहज थिएन, हुँदैन पनि । नेपालले विकासका नाममा अघोषित सङ्घीयताको अभ्यास त थोरै भए पनि गरिराखेकै थियो । यसले सीमान्तकृत नागरिकका समस्या सम्बोधन गर्न सके न । सङ्घीयता त्यसकारण पनि आवश्यक थियो । नागरिक र विज्ञसँगको छलफलपछि सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान जारी भयो ।

संविधान, कानुन, नीति, कार्यक्रम जति बनाए पनि कार्यान्वयन प्रक्रियामा जटिलता आउने रहेछ । कार्यान्वयनका क्रममा दुई वटा सङ्घीय, प्रादेशिक र स्थानीय तहको राजनीतिक अभ्यास हामीले भोगिसकेका छौँ । यसबिचमा छलफल चलाइएका र कतिपय राजनीतिक दलको विचारधाराकै रूपमा आएका विषयमध्ये मुख्य गरी देहायका विषय छन् । प्रदेश किन चाहियो ? सङ्घीयता महँगो भयो, सिंह दरबारका विकृति नयाँ निर्माण भएका सरकारमा सऱ्यो, प्रशासनिक खर्च बढ्यो आदि इत्यादि । अझ अहिले आएर त संविधान संशोधनको एजेन्डासहित सरकार बनेको छ । कुनै पनि देशको विकास केन्द्रमा बसेर सोच्दैमा, योजना बनाउँदैमा, नीति तर्जुमा गर्दैमा र ठुलठुला किताब लेख्दैमा विकास हुँदो रहेनछ । पटक पटकका अभ्यासले यो प्रमाणित गरेको छ । देशको विकास फेरि केही व्यक्तिको विकास हुँदैमा, एउटा सहर, जिल्ला क्षेत्र वा एउटा समुदायको हुँदैमा पनि नहुँदो रहेछ । विकास त समग्रतामा खोजिने विषय रहेछ । देशका कुनाकाप्चामा जीवन गुजारिरहेका प्रत्येक नेपाली नागरिकले महसुस गर्न सकेमा मात्र विकास भएको मानिँदो रहेछ ।

देश विकासलाई समानुपातिक रूपमा अगाडि बढाउन विकास क्षेत्र, अञ्चल, जिल्ला, गाउँ र सहरमा त विभाजन गरिएकै थियो । विकासका नाममा गरिने क्रियाकलाप केन्द्र वा निश्चित क्षेत्रमा मात्र सीमित हुने, बजेट विनियोजन पनि त्यसरी नै हुने, दुर्गममा रहेका गाउँको विकासका लागि केन्द्रमा नै बसेर योजना बनाउनाले पनि विकास हुँदो रहेनछ । नागरिकका आवश्यकता र चाहनासहितका योजना तर्जुमा गर्नु पर्दो रहेछ । माथि बनाइएको योजना पूर्ण कार्यान्वयनमा ल्याउन सहज भएन । विकेन्द्रीकरणका नाममा बजेटको खोलो नै बगाइयो । केही विज्ञ र प्रशासक मात्र धनी हुने प्रक्रियामा मात्र विकास योजना सीमित भए ।

यही विडम्बनालाई ध्यानमा राखेर जनआन्दोलनपश्चात् बनेको संविधान सभाले बनाएको नेपालको संविधानले सङ्घीयतालाई आत्मसात् गऱ्यो । सङ्घ, प्रदेश र स्थानीय तहको व्यवस्था गऱ्यो । संविधान जारी भएर दुई वटा आवधिक निर्वाचनसमेत सम्पन्न भइसकेका छन् । संविधानले तीन तहका सरकारको व्यवस्था मात्र गरेन, तिनै तहका अधिकारको बाँडफाँटसमेत गरिदिएको छ । तीन तहबिच समन्वय र सहकार्यका लागि संरचना रहने व्यवस्थासमेत संविधानले गरेको छ ।

प्रदेश संरचना बनेपछि आवश्यकता र पहिचानका आधारमा प्रदेशले काम गरिरहेका छन् । कमसेकम अहिले केन्द्रले काठमाडौँ नै नेपाल हो भन्ने सोचबाट टाढा बसेर प्रादेशिक कार्यक्रम बनाइरहेको छ । स्रोतसाधनको जोहो गर्न मुस्किल भएकाले यसको प्रतिफल पाउन समय लाग्न सक्छ । स्थानीय तहले आफ्नै कानुन बनाएर काम गर्ने अवस्था संविधानले गरिदिएपछि कतिपय उदाहरणीय काम भइरहेका छन् । सर्वसाधारण नागरिकले कतिपय अवस्थामा काठमाडौँ धाउनुपर्ने अवस्थाबाट मुक्ति पाएका छन् । स्थानीय तहबाट भएका कतिपय उत्कृष्ट कार्यले सर्वसाधारण नागरिकलाई सुविधा पुगिरहेको विषय हामीले बिर्सन हुँदैन । ती संरचनाका कमीकमजोरी होलान् तर ती सुधारोन्मुख पनि त छन् नि ! सङ्घीयता आफैँमा खराब होइन, हुन पनि सक्दैन । मुख्य विषय यसलाई कसरी कार्यान्वयन गर्ने भन्नेमा भर पर्ने हो । यसप्रति राजनीतिक दल इमानदार मात्र भएर हुँदैन, दलहरूको कार्यान्वयन प्रतिबद्धता सबैभन्दा बढी आवश्यक हुन्छ । के अहिलेको नेपालको संविधानमा त्रुटि छन्, साँच्चै नै नेपालको विकास गर्न, नेपाली जनतालाई सुखको अनुभूति दिन, उनीहरूका आधारभूत आवश्यकता पूर्ति गर्न यो संविधान नै बाधक बनेको हो त ?

संविधान कार्यान्वयनको नौ वर्ष पुग्दै गर्दा संविधान कार्यान्वयनका सन्दर्भमा हामी कति इमानदारीपूर्वक लाग्न सक्यौँ त भन्ने विषयको समीक्षा नगरी संविधानलाई दोष दिएर पन्छिन मिल्दैन ।

संविधानले सङ्घीय संरचना अनुरूप प्रत्येक तहका सरकारको अधिकार बाँडफाँट गरेको छ । सङ्घको, प्रदेशको र स्थानीय तहको अधिकार क्षेत्र तोकिदिएको छ । तिनै तहले मिलेर प्रयोग गर्ने अधिकार क्षेत्रबारे स्पष्ट उल्लेख गरेको छ । यसको कार्यान्वयनका लागि पटक पटक प्रतिवेदन तयार भएका छन् । देशको समृद्धि र नेपाली नागरिकको हितलाई ध्यानमा राख्ने नै हो भने सङ्घ उदार भएर संविधानले नदिएका अधिकार वा मौन बसेका विषयमा पनि कानुन बनाएर प्रदेश वा स्थानीय तहलाई अधिकार सम्पन्न बनाउनतिर लाग्नु पर्छ । यहाँ त स्पष्ट उल्लेख भएका विषयमा पनि सङ्घले अधिकार दिन चाहेको देखिँदैन ।

नयाँ बनेका स्थानीय तह र प्रदेशको निर्वाचनपश्चात् निर्वाचित जनप्रतिनिधिले गर्न खोज्ने विषय भनेकै आफूले जनतासामु व्यक्त गरेका प्रतिबद्धताको यथाशक्य कार्यान्वयन हो । त्यसका लागि आवश्यक पर्ने भनेकै जनशक्ति हो । हाम्रा कानुन तथा सिद्धान्तले पनि जनप्रतिनिधिलाई सिधा कार्यकारी अधिकार दिँदैन । आफूले बनाएका कानुन, नीति तथा कार्यक्रमको कार्यान्वयन भनेकै कर्मचारीमार्फत हो । एक दशक बितिसक्दा पनि कर्मचारी समायोजन गर्न सकिएको छैन । अहिले पनि धेरै स्थानीय तह निमित्तका भरमा चलेका छन् । कर्मचारी दिइहालियो भने पनि छ/छ महिनामा सरुवा हुन्छन् । स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृतका रूपमा भर्खर अधिकृत भएका कर्मचारी पठाइन्छ ।

जसले आजसम्म कुनै सरकारी कार्यालयमा जिम्मेवारी लिएर टेकेको छैन, प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको छ महिनाको तालिमबाहेक कुनै पनि सरकारी निकायमा काम गरेको अनुभव नै छैन; उसले कसरी जिम्मेवारी वहन गर्न सक्छ ? मह□वाकाङ्क्षासहित काम गर्न आतुर जनप्रतिनिधिसँग ठोक्किन पुग्दा, बेरुजु हुने मात्र नभई अख्तियारको चपेटामा समेत पर्नु परेको छ । यस्तो पीडा कसले बुझिदिने ?

स्थानीय तहमा कम्तीमा पनि उपसचिवस्तरको प्रमुख पठाइनु पर्छ । प्रदेशको अवस्था पनि त्यस्तै छ । प्रमुख सचिव एक महिना पनि नराखी सरुवा गरिन्छ । हामी भन्छौँ, प्रदेश र स्थानीय तहले काम गर्न सकेनन्, ती बोझ भए । हामीले काम गर्न नजानेर हो, प्रदेश र स्थानीय तह प्रभावकारी बन्न नसकेका । देशको शासन कानुनबमोजिम मात्र सञ्चालन हुन्छ, हुनु पर्छ । सङ्घले कानुन बनाएर प्रदेश र स्थानीय तहलाई अधिकारसम्पन्न बनाउनुपर्नेमा अझै आवश्यक कानुन बनाउन सकिएको छैन । बनाउन सुरु भएका कानुन पनि सङ्घीय सरकारमा बस्ने कर्मचारीका कारण अन्तिम चरणमा पुग्न सकेका छैनन् । बनाइहालियो भने पनि संविधान बनाउने बेलामा आवश्यक नठानिएका एकाइलाई यथावत् वा पुनर्जीवित गराउनतिर लागेको पाइन्छ । सरकारमा रहेका राजनीतिक दल र संसद्मा रहेका जनप्रतिनिधिले इमानदारीपूर्वक संविधानको पालना हुने गरी मात्र कानुन बनाउनतिर लाग्नु पर्छ ।

तिनै तहका शासनपद्धतिमा राजनीतिक दलका निर्वाचित जनप्रतिनिधिको शासकीय नेतृत्व हुन्छ । त्यसरी निर्वाचित जनप्रतिनिधिको कार्यशैली देख्दा कहीँ न कहीँ दलहरू पनि चुकेकै देखिन्छ । दलहरूले आफ्नो पार्टीको विस्तारका लागि मात्र प्रशिक्षण नचलाई शासकीयपद्धति र यसको कार्यान्वयनका पक्षमा निरन्तर प्रशिक्षण सञ्चालन गर्न आवश्यक छ । नत्र जनप्रतिनिधिकै क्रियाकलापका कारण दलहरू बदनाम हुने मात्र नभई देशलाई नै नोक्सान पुग्ने छ । यसबाट प्रभावित हुने भनेकै नागरिक हो । यो विषयमा दलहरू विशेष चनाखो हुनु पर्छ ।

अधिकार क्षेत्रका विषयमा स्थानीय तह र प्रदेशसँग सङ्घका अनुभवी र सङ्घीयता ल्याउन लागिपरेका नेता नै द्वन्द्वमा उत्रिनु कुनै पनि हिसाबबाट सुहाउने विषय होइन । भइरहेको त्यही छ, जो नहुनुपर्ने थियो । कहिले विद्यालय, सडक त कहिले भौतिक संरचना सञ्चालनका विषयमा नेताबाट भइरहने यस्ता क्रियाकलापले सङ्घीयता बलियो बनाउँदैन । काठमाडौँका सडकका विषयमा देखिएको द्वन्द्वले हामी सबैलाई लज्जित बनाएकै छ । सङ्घले त अब प्रदेश र स्थानीय तहलाई अगाडि बढाएर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चासोका विषय, समग्र देशलाई समृद्ध बनाउन नीति तथा योजना बनाएर अभिभावकको भूमिका निर्वाह गर्नुपर्ने समय हो ।

दलको इच्छाशक्तिले मात्र सम्भव भएको नेपालको गणतान्त्रिक र सङ्घीयतासहितको संविधान जारी भएको हो । संविधानले परिकल्पना गरेको देश विकासको मार्गमा डोऱ्याउन दलहरू तयार र प्रतिबद्ध हुनै पर्छ । संविधान संशोधनभन्दा अगाडि संविधानको इमानदारीपूर्वक कार्यान्वयन त गरौँ । सङ्घीयता कार्यान्वयनका लागि आवश्यक कानुन उदारतापूर्वक सम्पन्न गरौँ । जनशक्ति व्यवस्थापनमा उदार बनौँ । पहिलो प्राथमिकता स्थानीय तहलाई दिऊँ । अनावश्यक कार्यालय कतिपयको जिद्दीका भरमा स्थापना भएका छन् भने खारेज गर्ने हिम्मत गरौँ, खर्च घटाउन सहयोग पुग्छ ।

## मानव बेचबिखन विरुद्ध सचेतना

- ❖ बेचबिखन ोक्न समाजमा चेतना फलाउन जरूी छ ।
- ❖ विद्यालयदेखि न बालबालिकालाइ यसका बोमा शिक्षित गाउनु पदछ ।
- ❖ पाठ्यपुस्तकमा समावेश गे आफू कसी बच्ने अरूलाइ पनि कसी बचाउने भन्ने कुा सिकाउन जरूी छ ।
- ❖ समाजमा तुरून्त लागु गन सकिने किसिमका पाठ्यसामग्रीह समावेश गन जरूी छ ।
- ❖ ोजगीका लागि जाने व्यक्तिलाइ शिक्षा दिने, गलत बाटोबाट जाँदा पने असका बोमा जानकाी गाउने गनुपछ ।
- ❖ व्यक्तिगत तवबाट आफु सचेत हि पवाि साथीहरू सवलाइ सचेतना फलाउने ।
- ❖ शंकास्पद व्यक्ति जोखिममा हेका व्यक्तिहरूको बोमा निगानी ाख्ने पामश दिने आवश्यकता अनुसा सम्वन्धित निकायसँग समन्वय गने ।
- ❖ चोक, चाताा पसालमा समेत मानव बेचविखन विरूद्ध छलफल एवं बहस सञ्चालन गने लगायतका काय आवश्यक ।
- ❖ सामूहिक रूपमा मानव बेचविखनको जोखिममा हेका समूदाय क्षेत्र पहिचान गी मानब बेचविखन ोकथामका लागि अन्तक्रिया, सडक नाटक, याली, घदलो जस्ता कायक्रम गने ।
- ❖ मानव बेचविखनविरूद्ध क्रियाशिल सकाी ग सकाी संघसंस्थाहरूसँग समन्वय गने ।
- ❖ पीडित प्रभावितहरूलाइ आवश्यक सहयोग पामश प्रदान गने ।
- ❖ हिंसामा पेका पीडित प्रभावितलाइ आत्म सम्मानपूवक बाँच्न पाउने वातावण सजना गद पुनस्थापनाका लागि क्रियाशिल हने ।

मटिहानि नगपालिका , महोत्ती, मधेश प्रदेश






## कमला पुल निर्माणमा ढिलासुस्ती नगर्न ध्यानाकर्षण



● संतोष सिंह

सिरहा र धनुषा जोड्ने कमला नदीमाथिको हुलाकी सडकअन्तर्गतको बहुप्रतिक्षित पुल निर्माणमा लामो समयदेखि भइरहेको ढिलासुस्तीप्रति धनुषा, सिरहा र सप्तरी जिल्लाका स्थानीय तह प्रमुखले सरकारको गम्भीर ध्यानाकर्षण गराएका छन् ।

कमला नगरपालिकाका प्रमुख विशेश्वर यादवको अध्यक्षतामा आज सम्पन्न अन्तरक्रियामा ती जिल्लाका नगरप्रमुख, उपप्रमुख, गाउँपालिका अध्यक्ष तथा उपाध्यक्षको उपस्थितिमा पुल निर्माणमा भइरहेको अलपत्र अवस्थाबारे छलफल गरिएको हो ।

कार्यक्रममा सहभागी स्थानीय तहका प्रतिनिधिले हालको डिजाइनमा कमला पुल निर्माण सम्भव नभएको निष्कर्ष निकाल्दै अब नयाँ डिजाइन, इस्टिमेट र विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार गरी पुनःनिर्माण प्रक्रिया सुरु गर्नुपर्नेमा जोड दिएका छन् ।

पुलको मर्मतसम्भार तथा पुनःनिर्माणका लागि सङ्घीय सरकार र प्रदेश सरकारसँग समन्वय गरी अल्पकालीन र दीर्घकालीन समाधान खोज्न पनि सहभागीले एकमत भएर निर्णय गरेको बरियापट्टी गाउँपालिकाका अध्यक्ष सन्तोष महतोले जानकारी दिए ।

विसं २०६८ मा सुरु भएको पुल निर्माण अहिलेसम्म पनि अधुरै रहँदा स्थानीय जनताको दैनिकीमा ठूलो असर परेको छ । बाढी, लापरवाही र ठेकेदारको गैरजिम्मेवारीले निर्माण प्रक्रिया पटकपटक अवरुद्ध भएको हो ।

पप्पु कन्स्ट्रक्सन र पछि लुम्बिनी विल्डर्सले जिम्मा लिँदा पनि समयमा काम पूरा गर्न नसकेको जनाउँदै अब जिम्मेवार र सक्षम निर्माण कम्पनीमार्फत काम अगाडि बढाइनुपर्ने आवाज पनि उठेको छ ।

अन्तरक्रियामा जनकपुर उपमहानगर प्रमुख मनोजकुमार साह, बलान बिहुल गाउँपालिका अध्यक्ष खेमचन्द्र यादव, डाक्नेश्वरी नगरपालिकाका प्रमुख रामलखन मलाह, औरही गाउँपालिका अध्यक्ष शिवजी यादव, बरियापट्टी गाउँपालिका अध्यक्ष महतो, भवगवानपुर गाउँपालिका अध्यक्ष उग्रनारायण यादवलगायत प्रतिनिधिहरूले यसपटक पुल निर्माणमा कुनै ढिलासुस्ती सह्य नहुने स्पष्ट पारेका छन् ।

बरियापट्टी गाउँपालिका अध्यक्ष महतोले भने, 'अब जिल्लास्तरीय अन्तरक्रियासमेत गर्दै निर्माण कार्य सुरु गराउन दबाब सिर्जना गरिनेछ ।' पुल नहुँदा बर्सेनि बाढी, आर्थिक गतिविधिमा बाधा, विद्यार्थीको पढाइ, बिरामीको आवतजावतजस्ता विषयमा स्थानीयले सास्ती भोग्दै आएका छन् ।






## गौशाला : बन्द रहेको जग्गा रजिष्ट्रेशन सुचारु

● टक नेपाल



मालपोत कार्यालय गौशाला, महोत्तरीमा अब सोनमा गाउँपालिकाको जग्गा समेत रजिष्ट्रेशन हुने भएको छ ।

सोनमा गाउँपालिकाको जग्गा वर्गीकरण सम्बन्धी कागजात बुझाएपछि महिनौदेखि बन्द रहेको जगगा रजिष्ट्रेशन आज (बुधबार) देखि सुचारु हुने भएको छ ।

जग्गा वर्गीकरण सम्बन्धि सम्पूर्ण कागज सोनमा गाउँपालिकाका अध्यक्ष विशेश्वर प्रसाद यादव, वडाध्यक्ष लगायतका जनप्रतिनिधि नापी कार्यालय तथा मालपोत कार्यालय गौशालामा बुझाए पछि बुधबारदेखि जग्गा रजिष्ट्रेशनको काम सुचारु हुने मालपोत कार्यालय प्रमुख विष्णु कुमार महतले बताए ।

मालपोत कार्यालयले बिना जानकारी सोनमा गाउँपालिकाको रजिष्ट्रेशन सम्बन्धि कामकाज ठप्प पारेको भन्दै गाउँपालिका अध्यक्ष यादवले आपत्ति जनाए । अध्यक्ष यादवले भने, 'वर्गिकरणसम्बन्धी कागजात नभएको भन्दै मालपोत कार्यालयले कामकाज ठप्प गरेर मनोमानी गरेको र सेवाग्राहीलाई दुःख दिने मनसाय रहेको छ ।'

अध्यक्ष यादवले बुधबारदेखि सूचना भएका जग्गा रजिष्ट्रेशनमा बिना झन्झट सहजरूपमा सेवा प्रवाह गर्न मालपोत कार्यालय प्रमुख महतलाई अध्यक्ष यादवले सुझाव दिए ।

जग्गा मुल्यांकन वर्गीकरण समावेश नगराए पछि मालपोत कार्यालय गौशालाले डेढमहिनादेखी जग्गा रजिष्ट्रेशन तथा कित्ता काँट लगायत सम्पूर्ण काम काज ठप्प पारेको थियो ।

यता, नापी कार्यालय गौशालका प्रमुख किशन साहले मालपोतबाट कागज आएपछि यस कार्यालयले सहजरूपमा विना बाधा अवरोध सेवा प्रवाह गरिरहेको समाचार आजको दपब्लिक टुडे पत्रिकामा छापिएको छ ।

## सिँचाइका लागि विद्युतीय मोटरकै भर

● टक नेपाल



सर्लाहीका किसान धानबालीमा सिँचाइका लागि विद्युतीय मोटरको भर पर्न बाध्य भएका छन् । यो वर्ष किसानले धान रोपाइँका लागि पानीको अभाव झेल्नु परेको थियो । जसोतसो धान रोपाइँ गरेका किसानले अहिले गोड्ने बेलामा पनि विद्युतीय मोटर नै चलाएर बाली सुक्नबाट जोगाइरहेका छन् ।

हरिपुर नगरपालिका-७, चिताइनका जयनारायण चौधरी आकासे वर्षा नहुँदा दिनरात विद्युतीय मोटर नै चलाएर धान खेतमा पानी लगाउनु परेको बताउनुहुन्छ ।

साउन मध्यतिर केही दिन आकासे वर्षा भएपछि किसानलाई राहत मिलेको थियो । त्यसपछि भने पुनः वर्षा हुन छाडेसँगै सिँचाइको समस्या परेको हो । वर्षा नभएकाले यहाँका अधिकांश खोला सुकेका छन् । बागमती सिँचाइ आयोजनाबाट पर्याप्त पानी वितरण नहुँदा तल्लो भेगको नहरसम्म पर्याप्त पानी पुग्न सकेको छैन । लालबन्दी नगरपालिका-४, हरिभवनका किसान केदार कार्कीले बागमती सिँचाइ आयोजनाले नहरमा थोरै मात्रामा छाडेको पानी पालो लगाएर पढाउने गरेको भए पनि अपुग रहेको गुनासो गर्नुभयो । यो वर्ष धान रोपाइँ गरेपछि धान खेत भरिभराउ हुने गरी पानी पर्नै नसक्दा सिँचाइको जहिल्यै समस्या परिरहेको कार्कीको भनाइ छ । आकासे वर्षा नभए पनि मोटर चलाएर पानी आउने ठाउँका किसानले सिँचाइ गरिरहे पनि भूमिगत पानी नआउने ठाउँका किसान भने समस्यामा परेका छन् । सुक्खा क्षेत्रमा पने ' सर्लाहीको पूर्वपश्चिम राजमार्गदेखि उत्तरतर्फ पूर्ण रूपमा आकासे वर्षाको भर रहेको छ । पानी नपरेर सुक्खा बढ्दा विद्युतीय मोटरको प्रयोग बढेर नेपाल विद्युत् प्राधिकरणलाई पुनः भार व्यवस्थापन गर्न समस्या पर्न थालेको छ ।










बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्धारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014